सरूमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल


प.सं. २०७८/०७९
च.नं. २५५६

मिति :- २०७९/०३/०५

श्री सरोकारवाला सबै

विषयः- आ.व. २०७८/०७९ को खाताबन्दी सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० (१) मा व्यवस्था भए अनुसार कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकम वाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष शुरु हुनभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिइ निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गरी खर्च हुन नसकी बाँकि रहेको रकम आर्थिक वर्ष भित्रै फिर्ता गर्नुपर्ने प्रावधान रहे बमोजिम यस कार्यालयबाट भुक्तानी लिनुपर्ने शाखा, उपशाखा, वडा कार्यालयहरू, व्यक्ति, फर्म, निर्माण व्यवसायी, उपभोक्ता समिति लगायत सम्पूर्ण सरोकारवालाहरूले चालु आ.व. मा भुक्तानीका लागि पेश गर्नुपर्ने कागजात/फाइलहरू भुक्तानीका लागि सम्पूर्ण प्रक्रिया पुऱ्याई मिति २०७९/०३/२० गतेसम्म आर्थिक प्रशासन शाखामा पेश गरी भुक्तानी लिनुहुन जानकारिका लागि अनुरोध छ ।

साथै मिति २०७९/०३/२० गते भन्दा पछि पेश हुने कागजात उपर कुनै कामकारवाही नहुने र तोकिएको समयमा फाइल पेश नपरेको कारणले भुक्तानी हुन नसकेको खण्डमा सम्बन्धित पक्ष नै स्वयम् जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

..........................
टोप बहादुर शाही
आर्थिक प्रशासन शाखा प्रमुख

..........................
चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत


web: sarumaranimun.gov.np email: sarumarani2073@gmail.com Phone : 9857836022